## Worcester Public Schools

## *2021* हाई स्कूल ग्राजुएशन मार्गनिर्देशनहरू

**हरेक समारोह आरम्भ हुनुभन्दा एक घण्टाअघि ग्राजुएशनका लागि प्रवेश-द्वारहरू खुला गरिनेछेन्।**

आधिकारिक टिकट भएका अतिथिहरूलाई मात्र प्रवेश दिइनेछ। पानी परेमा, कृपया छाता ल्याउन नभुल्नुहोला!

आम प्रवेश सिटहरू, मास्क लगाउने र दूरी कामय गर्ने

DESE मार्गनिर्देशिकाअनुसार, पूरा खोप नलगाएका अतिथिहरूलाई मास्क लगाउन स्मरण गराइन्छ। सबै अतिथिहरूलाई घरपरिवार-घरपरिवार बीचमा दूरी कायम गर्न जोडदार स्मरण गराइन्छ। स्वस्थ महसुस नगरेका वा लक्षणहरू भएका अतिथिहरूले कुनै पनि हालतमा समारोहमा सहभागी हुनु हुँदैन।

समारोहको लाइभस्ट्रिम तथा भिडियो रेकर्डिङ

Polar Park ले **WooSox Facebook page** मार्फत समारोहहरूको लाइभस्ट्रिम गर्नेछ। WPS ले यी समारोहरूको भिडियो रेकर्डिङलाई Channel 11 (च्यानल 11) र WEA-TV webpage मा पुन प्रसारण गर्नेछ।

पर्स/झोला

साना झोलाहरूलाई अनुमति दिइनेछ, तर तिनलाई ***Polar Park सुरक्षा कर्मचारीद्वारा मानक झोला जाँच गराउनुपर्छ।***

एयर होर्न/बेलुन/कन्फेटी/ग्लिटर/साइन मनाही गरिएको

WPS ग्राजुएशन समारोहहरू पहिले जे-जसरी आयोजना गरिए सो आधारमा, ***हामी तपाईंलाई यी सबै कुराहरू समारोहपश्चातको लागि कारमै छोड्नको लागि अनुरोध गर्छौं।***

ग्राजुएटहरूको लागि जुत्ता-चप्पल र अन्य कुराहरू

हिल वा अग्लो पारिएका जुत्ताहरूलाई अनुमति दिइनेछैन। तिनीहरूले बाह्यमैदानलाई हानि पु- याउनुका अलावा, चौर धेरै संवेदनशील हुन्छ र हिलहरू चौरमा गाडिन सक्छन् जसले गर्दा चोटपटक लाग्न सक्छ। यो जति मर्मतसुधारसम्बन्धी सरोकार हो, त्यति नै सुरक्षाको पनि सरोकार हो। ***यो मार्गनिर्देशन कठोर रूपमा पालना गर्नुपर्ने भएकोले, नियमहरूअनुरूप नभएका जुत्ताहरू भएका ग्राजुएटहरूको लागि Polar Park मा चप्पपलहरू उपलब्ध हुनेछन्।***

पार्किङ

नगर-स्वामित्वका पार्किङ क्षेत्रहरूको नक्सा तल दिइएको छ जुन बलपार्कदेखि हिँडेर पुगिने दुरीमा छन्। शुल्कहरू फरक-फरक हुन सक्छन्। सबै अतिथि र कर्मचारीहरूले तलको नक्सामा दिइएको पार्किङ/ग्यारेज #5-24 प्रयोग गर्ने अपेक्षा गर्न सक्छन्।

| NAME | TOTAL SPACES | EST. 2021 AVAILABILITY |
|---|---|---|
| 1. PLAYER PARKING | 45 | --- |
| 2. LEFT FIELD BUILDING GARAGE | 100 | --- |
| 3. NEW CITY GARAGE | 349 | --- |
| 4. TEMP. SURFACE LOT | 100 | --- |
| 5. LAMARTINE LOT | 100 | 95 |
| 6. WASHINGTON/HARDING LOT | 130 | 100 |
| 7. GREEN ST. LOT | 30 | 20 |
| 8. WORCESTER ICE CENTER | 330 | 300 |
| 9. WATER ST. LOT | 34 | 20 |
| 10. YWCA LOT | 105 | 46 |
| 11. MCGRATH (LIBRARY) LOT | 289 | 200 |
| 12. MADISON PLACE LOT | 279 | 140 |
| 13. RMV LOT | 90 | 90 |
| 14. MYRTLE ST. LOT | 130 | 80 |
| 15. MILLBURY ST. LOT | 46 | 25 |
| 16. LANGDON ST LOT | 150 | --- |
| 17. FEDERAL PLAZA GARAGE | 511 | 375 |
| 18. UNION STATION GARAGE | 500 | 280 |
| 19. WORCESTER COMMON GARAGE | 560 | 400 |
| 20. GRAFTON ST. LOTS | 254 | 165 |
| 21. AMTRAK/MBTA LOT | 124 | 92 |
| 22. MERCANTILE CENTER GARAGE | 1,646 | 800 |
| 23. WORCESTER PLAZA GARAGE | 650 | 350 |
| 24. PEARL & ELM GARAGE | 819 | 400 |
| GRAND TOTAL | 7,371 | 3,978 |




समारोहपश्चात

समारोह समाप्त भएपछि तुरुन्तै बाहिर निस्कने र आफ्नो ग्राजुएट विद्यार्थीलाई बलपार्कबाहिर भेट्ने योजना गर्नुहोला। DESE मार्गनिर्देशिकाअनुसार, कुनै पनि सामुदायिक भेला वा रिसेप्शनलाई अनुमति दिइनेछैन।